# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार
### अन्तर्राष्ट्रिय मुद्राकोषका Deputy Managing Director नेपालमा

नेपालको चार दिने भ्रमणका लागि अन्तर्राष्ट्रिय मुद्राकोषका Deputy Managing Director (DMD) Mr. Tao Zhang आज २०७४ साल कार्तिक १७ गते काठमाडौं आईपुग्नु भयो । आजै दिउँसो गभर्नर डा. चिरंजीबि नेपाल र DMD Mr. Zhang बीच नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय, बालुवाटारमा भेटवार्ता भयो ।



भेटका क्रममा गभर्नर डा. नेपाल र DMD Mr. Zhang बीच नेपालको वर्तमान आर्थिक स्थिति, अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य तथा मुद्राकोषले नेपाललाई पुऱ्याएको सहयोग लगायतका बिषयमा छलफल भयो । सो क्रममा गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्राकोषले नेपाललाई पुऱ्याएको सहयोग प्रति धन्यवाद व्यक्त गर्नुका साथै आगामी दिनमा समेत नेपालको आर्थिक तथा वित्तीय क्षेत्रको सुदृढीकरणमा मुद्राकोषको सहयोग अपरिहार्य हुने बताउनु भयो ।

चार दिने नेपाल भ्रमणका क्रममा DMD Mr. Zhang ले अर्थमन्त्री, योजना आयोगका उपाध्यक्ष, अर्थ मन्त्रालयका उच्च पदाधिकारीहरु र निजी क्षेत्रका प्रतिनिधिहरु लगायतलाई भेट्ने कार्यक्रम रहेको छ ।

उहाँलाई आजै नेपालको आर्थिक स्थिति तथा अर्थतन्त्रका चुनौतीहरुका सम्बन्धमा नेपाल राष्ट्र बैंकको तर्फबाट प्रस्तुतीकरण दिने कार्यक्रम रहेको छ । सो पश्चात् DMD Mr. Zhang नेपाल राष्ट्र बैंकले उहाँको सम्मानमा आयोजना गर्ने रात्रीभोजमा सरिक हुने कार्यक्रम रहेको छ ।

DMD Mr. Zhang का साथ निजका सल्लाहकार Mr. Alan Steven Barnett समेत सहभागी हुनुहुन्छ । DMD Mr. Zhang चार दिने भ्रमण सकेर आगामी सोमबार फिर्ता हुने कार्यक्रम रहेको छ ।

मिति: २०७४ कार्तिक १७, शुक्रबार

गभर्नरको कार्यालय